# वन तथा कृषि सहज कार्यक्रम दोस्रो चरण
# साना अनुदान कार्यक्रमको लागि प्रस्ताव आह्वान (२०७९/८०)

नेपालमा वन तथा कृषि उत्पादक समूहहरुले आफ्ना सदस्यहरूको जीविकोपार्जन उत्थानको लागि विभिन्न सहयोगी क्रियाकलापहरू गर्दै आएका छन् । वन र कृषि उत्पादकहरू भनेकै जीविकोपार्जनको लागि वन र कृषि पैदावारसङ्ग आश्रित स्थानीय किसान, आदिवासी जनजाति, महिला, दलित लगायतका स्थानीय समुदायहरू हुन् । उनीहरूले घरायसी प्रयोगको साथै स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको लागि समेत प्राकृतिक श्रोतमा आधारित वस्तु तथा सेवाको उत्पादन, दिगो व्यवस्थापन, भण्डारण र प्रशोधन गरिरहेका छन् । वन तथा कृषि सहज कार्यक्रमको पहिलो चरणमा (सन् २०१४-२०१७) यस्ता वन र कृषि उत्पादक समूहहरूको निर्णय प्रक्रियामा पहुँच वृद्धि गरी जीविकोपार्जनका अवसरहरू सुदृढ गर्न पहल भएको थियो । वन तथा कृषि सहज कार्यक्रमको पहिलो चरणको सिकाई र पछिल्ला अनुसन्धानहरूलाई नियालेर हेर्दा जलवायु समानुकुलित भू-परिधि तथा सुधारिएको जीविकोपार्जनको लागि वन तथा कृषि उत्पादक समूहहरूको भूमिका महत्वपूर्ण देखिएकोले सन् २०१८ देखि वन तथा कृषि सहज कार्यक्रमको दोस्रो चरण शुरु गरिएको हो । अन्तर्राष्ट्रिय स्तरमा खाद्य तथा कृषि सङ्गठन (एफएओ), वातावरण र विकासको लागि अन्तर्राष्ट्रिय संस्था (आईआईइडि), अन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घ (आईयूसिएन) र एग्रिकर्ड बीचको सहकार्यमा सञ्चालित यो कार्यक्रम नेपाल लगायत बोलिभिया, केन्या, जाम्बिया, भियतनाम, इक्वेडर, घाना, तान्जानिया, माडागास्कर र टोगोमा सञ्चालन भईरहेको छ ।

नेपालमा वन तथा वातावरण मन्त्रालयको संयोजकत्व, खाद्य तथा कृषि सङ्गठनको आर्थिक सहयोग तथा व्यवस्थापन र अन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घ (आईयूसिएन) नेपालको सहजीकरण र सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालको नेतृत्वमा वन तथा कृषि सहज कार्यक्रमको दोस्रो चरण सन् २०१९ देखि कार्यान्वयन भईरहेको छ ।

## उद्देश्य

नेपालमा वन तथा कृषि सहज कार्यक्रमका दोस्रो चरणको मुख्य उद्देश्य भनेकै वन तथा कृषि उत्पादक समूहहरुलाई मूलप्रवाहीकरण गर्दै जलवायु समानुकुलित भू-परिधि तथा सुधारिएको जीविकोपार्जनका लागि महिला, युवा, दलित तथा आदिवासीहरुलाई समावेशी प्रक्रियाद्वारा समावेश गर्नु हो । यो उद्देश्य प्राप्तिको लागि निम्न विषयहरुमा केन्द्रित भएर यो कार्यक्रम कार्यान्वयन भईरहेको छ ।

- स्थानीय तथा राष्ट्रिय निकायहरुलाई प्रभावकारी र दिगो वन तथा कृषि अभ्यास गर्न सहजीकरण गर्ने ।
- समुदाय उत्पादक समुहहरु, सरकारी निकाय, नागरिक समाज, गैर सरकारी संस्थाहरुसङ्ग सहकार्यको लागि स्थानीय र राष्ट्रियस्तरमा बहु क्षेत्रीय सरोकारवाला समन्वय प्रक्रिया र समितिहरु स्थापना गरी क्षमता अभिवृद्धि गर्ने ।
- वन तथा कृषिसङ्ग सम्बन्धित उद्यमशीलता विकास र उद्यम सञ्चालनको लागि आवश्यक क्षमताको सुनिश्चितता गर्ने ।
- जलवायु समानुकुलित भू-परिधिको लागि वन तथा कृषि उत्पादक समूहका सदस्य (महिला, युवा तथा आदिवासी) हरुको क्षमता अभिवृद्धि गरी उनीहरुलाई सक्षम बनाउने ।

## वन तथा कृषि सहज कार्यक्रमको प्रतिफल र परिणामहरु

वन तथा कृषि सहज कार्यक्रमले निम्न लिखित चार प्रतिफल र आठ परिणामहरु हासिल गर्ने लक्ष्य राखेको छ ।

| प्रतिफल | परिणाम |
|---|---|
| **प्रतिफल १.** समावेशी सुशासन र बहु क्षेत्रीय सरोकारवाला समन्वय प्रक्रियाहरुको सुनिश्चितताद्धारा वन तथा कृषि उत्पादक समूहका लागि सक्षम नीतिहरु, कानूनी वातावरण र खाकाको विकास गर्ने । | **परिणाम १.१** वन तथा कृषि उत्पादक समूहले आफ्ना सबै सदस्यहरुको मुद्दा र चासो संलग्न गरी पैरवीको समावेशी एजेण्डा तयार गर्नेछ ।<br>**परिणाम १.२** वन तथा कृषि उत्पादकहरुको अर्थपूर्ण प्रतिनिधित्व द्वारा बहुक्षेत्रीय, बहुसरोकारवाला प्रक्रियाहरुको प्रभावकारिता र क्षमता बढ्नेछ । |
| **प्रतिफल २.** व्यापार र व्यवसायको क्षमता विकासका लागि वन तथा कृषि उत्पादक समूहद्वारा विभिन्न सेवा उपलब्ध गराई लैंगिक समानताको सुनिश्चितता, मूल्य श्रृंखलाद्वारा उद्यम र उद्यमशिलताको विकास तथा बजार र वित्तमा पँहुच बढाउने । | **परिणाम २.१** वन तथा कृषि उत्पादक समूहको आफ्नो सदस्यहरुलाई व्यवसाय इन्कुवेशन सेवाहरु उपलब्ध गराउने क्षमताको विकास गर्नेछ ।<br>**परिणाम २.२** वन तथा कृषि उत्पादक समूहका सदस्यहरुको व्यापार, बजारीकरण र वित्तीय सेवाहरुमा पहुँच बढ्नेछ । |
| **प्रतिफल ३.** वन तथा कृषि उत्पादक समूहको प्रत्यक्ष संलग्नता र समावेशी जीविकोर्पाजनको एकीकृत पद्धति द्वारा भूपरिधि स्तरको जलवायु समानुकुलन, अनुकुलन तथा न्युनिकरणको उपलब्धता बढाउने । | **परिणाम ३.१** जलवायु र भूपरिधि स्तरका कार्यक्रमा वन तथा कृषि उत्पादक समूहको योगदान र सक्रियता बढ्नेछ ।<br>**परिणाम ३.२** वन तथा कृषि उत्पादक समूहले आफ्ना सबै क्रियाकलापमा जलवायु परिर्वतन मुलप्रवाहीकरण गर्नेछ । |
| **प्रतिफल ४.** वन तथा कृषि उत्पादक समूहद्धारा वा वन तथा कृषि उत्पादक समूहको सहजीकरणबाट सामाजिक र सांस्कृतिक सेवामा पहुँच बढाउने । | **परिणाम ४.१** वन तथा कृषि उत्पादक समूहले सामाजिक र सांस्कृतिक सेवा प्रदान गर्ने प्रणाली स्थापित गर्ने छ ।<br>**परिणाम ४.२** वन तथा कृषि उत्पादक समूहहरुले आफ्ना सामाजिक र सांस्कृतिक विकास एजेण्डालाई दिगो विकासका लक्ष्य, प्रक्रिया र अन्य सरकारी विकास प्रक्रिया अनुरुप व्यवस्थित गर्नेछ । |

# साना अनुदान कार्यक्रम मार्फत बिगतमा सञ्चालन भएका कार्यहरुको संक्षिप्त जानकारी

| क्रस | संस्था/ समुहको नाम | कार्यक्रम सञ्चालन भएको क्षेत्र | गतिविधिहरु |
|---|---|---|---|
| १ | शिव सामुदायिक वन उत्पादक समूह | कावासोती - २, नवलपुर | महिला समूहको प्रयासमा सामुदायिक वन क्षेत्र भित्र दालचिनीको उत्पादन, मुल्य श्रृंखला अभिबृद्धि र उद्यम प्रर्बद्धन । |
| २ | डाङडुङ्गे सामुदायिक वन उत्पादक समुह | हेटौंडा-११, मकवानपुर | कृषि वन अवधारणा बढाउन एकिकृत खेती प्रणालीलाई (प्राङ्गारिक मल उत्पादन, एकीकृत कीट व्यवस्थापन र नर्सरी व्यवस्थापन) समुदाय स्तरमा प्रर्बद्धन । |
| ३ | जागरण सामुदायिक विकास केन्द्र | मध्यविन्दु नगरपालिका, नवलपुर | कागती उत्पादन र मूल्य श्रृंखला अभिवृद्धि मार्फत उद्यमशीलता प्रर्बद्धन । |
| ४ | शुभकामना सामाजिक विकास संस्था, बाङगंगा महिला मह उत्पादक समूह | वाङगङ्गा नगरपालिका, कपिलबस्तु | मह उत्पादनको मूल्य अभिवृद्धि र मौरीपालन व्यवसाय प्रर्बद्धन । |
| ५ | आधार एकता महिला समूह | पनौती नगरपालिका, काभ्रेपलाञ्चोक | वन तथा कृषि उत्पादनको मूल्य अभिवृद्धि माध्यमबाट जीविकोपार्जन र आम्दानी वृद्धि । |
| ६ | अस्मिता नेपाल | हेटौंडा, मकवानपुर | दुना टपरीको उत्पादन विविधीकरण र जैविक मल उद्यम प्रर्बद्धन । |
| ७ | उज्ज्वल दुग्ध उत्पादक सहकारी (केन्द्रीय दुग्ध सहकारी संघ) | धादिङ, आमभञ्ज्याङ, मकवानपुर | गुणस्तरीय दुग्ध उत्पादन र साइलेज प्रविधिबाट दुधको लागत कटौती । |
| ८ | शिव मन्दिर सामुदायिक वन उत्पादक समुह | वाङगङ्गा नगरपालिका, कपिलबस्तु | औषधीय, सुगन्धित बिरुवाहरू र गैर-काष्ठ वन उत्पादनहरूको उत्पादन र प्रवर्द्धन मार्फत जीविकोपार्जन वृद्धि । |
| ९ | राष्ट्रिय किसान समुह महासंघ | सिन्धुपाल्चोक | जलवायु अनुकूल दिगो कृषि अभ्यासहरू समावेश गरी उत्पादक समूहको आम्दानी वृद्धि । |
| १० | बुद्ध सामुदायिक वन उत्पादक समुह/पर्वत फेदी युथ क्लब | कावासोती, नवलपरासी | उद्यमशीलता विकास र स्थानीय किसान समूहहरूको लागि कृषि वन र जडीबुटी खेती विस्तार गरेर आय आर्जन । |
| ११ | पशुपति सामुदायिक वन उत्पादक समुह | मनहरी, मकवानपुर | महिला समुहको संलगनतामा अदुवा र बेसार उत्पादनको विबिधिकरण गरी मुल्य अभिवृद्धि मार्फत आयआर्जनमा टेवा । |
| १२ | पारिवारीक निजी वन संघ | तुलसीपुर, दाङ | मूल्य अभिवृद्धि र बजारीकरणको लागि निजी जग्गामा सामूहिक टिम्मुर खेती विस्तार तथा प्रवर्द्धन । |

| क्रस | संस्था/ समुहको नाम | कार्यक्रम सञ्चालन भएको क्षेत्र | गतिविधिहरु |
|---|---|---|---|
| १३ | ग्रिन फाउन्डेसन नेपाल | तुलसीपुर, दाङ | बाँस खेती विस्तार तथा उत्पादन विविधिकरण गरी मुल्य अभिवृद्धी । |
| १४ | माउन्ट एभरेष्ट फरेस्ट बोटानिकल एलायन्स | राक्सिराङ, मकवानपुर | चेपाङ समुदायद्धारा खेती गरिदै आएको चिउरी प्रवर्दधन र मुल्य श्रृंखला विकास गरी समुदायको आर्थिक शसक्तीकरण । |
| १५ | राष्ट्रिय दलित नेटवर्क | शिवराज नगरपालिका, कपिलवस्तु | गरीब दलित महिला र युवाहरूको सामाजिक-राजनीतिक र आर्थिक स्थितिमा सुधार गर्न मत्स्य पालनमा आधारित कृषि वन प्रवर्द्धन । |
| १६ | कन्हैया किसान समूह/ राष्ट्रिय कृषक समुह महासंघ | कावासोती नगरपालिका, नवलपरासी | जलवायु अनुकूल दिगो कृषि अभ्यासहरू समावेश गरी उत्पादक समूहको आम्दानी वृद्धि । |
| १७ | फेकोफन काभ्रे | काभ्रेपलाञ्चोक | जलवायु अनुकुलन जिविकोपार्जन विकल्पको रूपमा सामुदायिक वन भित्र टिम्मुर कृषि वन प्रणालीलाई विस्तार । |

## साना अनुदान कार्यक्रम (२०७९/८०)

वन तथा कृषि सहज कार्यक्रम मार्फत वन तथा कृषि उत्पादक समूहहरुलाई वन तथा कृषिमा आधारित उद्यम प्रवर्द्धनका लागि प्रत्यक्ष आर्थिक सहयोग गर्ने साना अनुदान कार्यक्रमको उद्देश्य रहेको छ । यसका लागि हरेक बर्ष प्रस्ताव आह्वान गरी प्रस्तावको मूल्याङ्कनको आधारमा छनौट भएका समूह वा संस्थाहरुले अनुदान प्राप्त गरेका छन् । यसै अनुरुप यस बर्षको लागि साना अनुदान कार्यक्रम मार्फत सहयोग प्राप्त गर्न प्रस्ताव आह्वान गर्न लागिएको हो ।

## अनुदान रकम

साना अनुदान कार्यक्रम अन्तर्गत यस बर्षको जम्मा अनुदान वितरण गर्ने रकम करीब एक करोड पचास लाख रुपैयां रहेको छ । प्रस्ताव मूल्याङ्कन मार्फत सफल आवेदकहरुलाई प्रति परियोजना बढिमा रु.२०,००,००० (नेपाली रुपैयां बिस लाख मात्र) सम्मको अनुदान रकम प्रदान गरिनेछ ।

## परियोजनाको अवधि

साना अनुदान कार्यक्रमको लागि परियोजनाका प्रस्तावहरू तयार गर्दा बढीमा १२ महिना सम्मको समयभित्र कार्यक्रम सम्पन्न हुने गरी तयार गर्नुपर्नेछ ।

## प्रस्तावहरुको चयन

प्रस्ताव पेश गर्ने अन्तिम समय भित्र प्राप्त प्रस्तावहरु मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन गरिनेछ । सफल आवेदकहरुसंग सम्पर्क गरी सम्झौता मार्फत कार्य अगाडी बढाईनेछ । प्रस्तावहरुको चयनमा मूल्याङ्कन समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

## प्रस्तावको योग्यता मापदण्ड

प्रस्तावकले प्रस्ताव तयार गर्दा निम्न मापदण्डहरु अनिवार्य रुपमा पुरा गरी तयार गर्नुपर्नेछ ।

- वन तथा कृषि सहज कार्यक्रम लागु भएका काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, कपिलवस्तु, नवलपुर, मकवानपुर र दाङ्ग जिल्लाहरुमा साना अनुदानको कार्यक्रम कार्यान्वयन गर्ने गरी प्रस्ताव तयार गर्नुपर्नेछ ।
- वन तथा कृषि सहज कार्यक्रमका चार प्रतिफलहरु मध्ये प्रतिफल २, ३, र ४ मा आधार रहेर स्पष्ट रूपमा कम्तिमा दुई प्रतिफललाई सम्बोधन गरी प्रस्ताव तयार भएको हुनुपर्नेछ ।
- प्रस्ताव पेश गर्ने संस्था वा समूह वन तथा कृषि उत्पादक समूह, सामुदायिक वन उपभोक्ता समूह, कृषि वन उपभोक्ता समूह, कृषक समूह, उत्पादन सङ्घ वा समूह, समुदायमा आधारित वन तथा कृषि उद्यम समूहहरु, गैह्र सरकारी संस्था, वन, कृषि वा कृषिवन सम्बन्धित सहकारी, वन तथा कृषि संग सम्बन्धित कार्य गर्ने कम्पनि ऐन अन्तर्गत दर्ता भएका मुनाफा वितरण नगर्ने संस्था हुनुपर्नेछ ।
- कुनै संस्था वा निकायमा औपचारिक रुपमा दर्ता भएको हुनुपर्नेछ ।
- आवेदक संस्था गैर नाफामुलक संस्था हुनुपर्ने छ । संस्थाको आफ्नो बिधान तथा संस्थाले बार्षिक रुपमा वित्तीय लेखापरिक्षण गरेको हुनुपर्नेछ ।
- आवेदक संस्थाको आफ्नै बैंक खाता हुनुपर्नेछ ।
- प्रस्तावमा सह-वित्त (co-finance) कम्तिमा २०% को व्यवस्था गरी त्यसको प्रकृति र विवरण प्रष्ट साथ पेश गरिएको हुनुपर्नेछ ।
- वन तथा कृषि सहज कार्यक्रमको साना अनुदान कार्यक्रम मार्फत अघिल्लो बर्ष अनुदान लिई करार समाप्त नभएका र हाल क्रियाकलापहरु संचालन गरिरहेका संस्था वा समूहहरुले प्रस्ताव पेश गर्न पाउने छैनन् । यद्यपी साना अनुदान मार्फत कार्यक्रम संचालन गरेर करार समाप्त भैसकेका र अपेक्षित परिणाम पनि आईसकेका संस्था वा समूहहरुले गरेका क्रियाकलापहरु अझ बृहत स्तरमा बढाउन प्रस्ताव पेश गर्न पाउने छन् ।

## प्रस्ताव छनौट गर्ने मापदण्डहरु

१. वन तथा कृषि सहज कार्यक्रमको प्राथमिकतासंग मेल खाने गरी तयार गरीएका क्रियाकलापहरु ।

२. प्रस्तावमा उल्लेख भएका क्रियाकलापहरुको दीगोपना ।

३. प्रस्तावित समयमा सम्पन्न हुने प्रकारका गतिविधिहरु ।

४.प्रस्तावकको प्रस्तावित क्रियाकलापहरु कार्यान्वयन गर्ने तथा प्रशिक्षण र सिकाई प्रक्रियाहरुमा समावेशी विधिहरू अपनाउन सक्ने क्षमता र अनुभव ।

५. प्रस्तावित परियोजनामा स्थानीय तहसंग (अथवा अरु कुनै निकायसंग) सहकार्य गर्ने योजना तथा सह-वित्तको व्यवस्था ।

६. महत्वपुर्ण अन्तर क्षेत्रगत क्रस-कटिंग मुद्दाहरु (जस्तैः लैंगिक समानता, महिला प्राथमिकता, युवा, दलित र आदिवासी समुदाय) संलग्न हुने गरी तयार गरिएको प्रस्ताव ।

- महिला/युवा/दलित/पिछडिएका/आदिवासी समूह सहभागिताको र समावेशी प्रक्रिया/विधि तथा क्रियाकलापहरुमा स्पष्टता ।
- स्पष्ट रुपमा लैंगिक रुपान्तरणका अवधारणाहरु उल्लेख गरिएको महिला समूहका प्रस्तावहरू ।
- स्पष्ट रुपमा आदिवासी, जनजाति, युवा, दलित तथा महिलाका मुद्दा र समस्याहरु पहिचान तथा तिनलाई सम्बोधन गर्ने समाबेशी अवधारणाहरु उल्लेख गरिएको प्रस्तावहरू ।

७. कृषि तथा वन व्यवस्थापनका लागी दिगो तथा जलवायु समानुकुलित अभ्यासहरुमा आधारित खाद्य सुरक्षा र आयआर्जनमा योगदान दिने कृषि, कृषिवन तथा वनको उत्पादन र व्यवसायलाई प्रोत्साहन गर्नका लागी स्पष्ट परिणाम जनाउने प्रस्ताव ।

८. वन तथा कृषिमा आधारित वन तथा कृषि उत्पादक समूह, सामुदायिक वन उपभोक्ता समूह, कृषि वन उपभोक्ता समूह, कृषक समूह, उत्पादन सङ्घ वा समूहका हालसम्म गर्दै आएको उत्पादन र उद्यमको scaling up गर्न, क्लस्टर बनाउन वा एकिकृत गर्न सहयोग गर्ने र उद्यमको आय तथा लाभ अभिवृद्धिमा योगदान र सुधार गर्नका लागी स्पष्ट परिणाम जनाउने प्रस्तावहरू ।

## आवश्यक दस्तावेज, प्रस्ताव पेश गर्ने ढाँचा र अन्तिम मिति

आवेदक संस्था वा समूहले अनुसुचि १ मा दिईएको ढांचामा आवश्यक दस्तावेजहरु संग्लग्न गरी प्रस्ताव पेश गर्नु पर्नेछ । प्रस्तावका साथमा निम्न लिखित दस्तावेजहरु समावेश गर्नु पर्नेछ ।

१) संस्था वा समूह दर्ताको प्रमाणपत्र (अंग्रेजीमा अनुबाद गरि नोटरीद्वारा प्रमाणित गरिएको)

२) संस्था वा समूह गैर नाफामुलक वा मुनाफा बितरण नगर्ने पुष्टि गर्ने दर्ता, विधान वा अन्य कागजातको प्रमाणित दस्तावेज (अंग्रेजीमा अनुबाद गरि नोटरीद्वारा प्रमाणित गरिएको)

३) २०७७/७८को बार्षिक लेखापरिक्षणको प्रतिवेदन

४) बैंक चेकको प्रतिलिपी (आवरण सहितको भित्रि पन्नाको प्रतिलिपि)

५) स्थानीय तह, वडा वा पालिकाको सिफारिस पत्र वा प्रस्तावक वन तथा कृषिसङ्ग सम्बन्धित महासंघमा आबद्ध भएमा सम्बन्धित महासंघको सिफारिस पत्र

**प्रस्ताव पठाउने इमेल ठेगाना : info@fecofun.org.np**

**प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०७९ भाद्र ६ गते**

**नोटः यस साना अनुदान कार्यक्रमको लागि प्रस्ताव तयारी प्रक्रिया, विविध जिज्ञासा र अन्य जानकारीको साथै यस प्रक्रियालाई सहजीकरण गर्नका लागि वन तथा कृषि सहज कार्यक्रमले २०७९ श्रावण २५ गते २ बजे देखि ३:३० बजेसम्म आईयूसिएन नेपालको कार्यालय कुपण्डोल, ललितपुरमा छलफल र अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने भएकोले ईच्छुक संघ संस्थाका बढीमा २ जनासम्म प्रतिनिधिहरु सहभागी हुनका लागि अनुरोध गर्दछौं । ईच्छुक संघ संस्थाले २०७९ श्रावण २४ गते सम्म ०१-५४२८७८१ मा सम्पर्क गरी सहभागिताको जानकारी गराईदिनु हुन समेत अनुरोध गर्दछौं ।**

# अनुसूचि १: *वन तथा कृषि सहज कार्यक्रमको साना अनुदान कार्यक्रमको प्रस्ताव*

## क. प्रस्तावकको जानकारी

१. प्रस्तावक संस्था/समूहको नाम :

२. प्रस्तावक संस्था/समूहको ठेगाना :

३. सम्पर्क व्यक्तिको नाम :

पद :

मोबाइल नम्बर :

४. प्रस्तावक संस्था/समूह दर्ता भएको कार्यालय :

दर्ता नम्बर र साल :

पछिल्लो नविकरण मिति :

५. प्रस्तावक संस्था/समूहको प्रकार : *कुनै एक उल्लेख गर्नुहोस् (वन तथा कृषि उत्पादक समूह, सामुदायिक वन उपभोक्ता समूह, कृषि वन समूह, कृषक समूह, उत्पादन संघ, गैह्र सरकारी संस्था, अन्य)*

६. प्रस्तावक संस्था/समूहको हालको कार्य समितिको बिबरण :

| क्रस | नाम | पद | सम्पर्क |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

७. प्रस्तावक समूह भएमा समूहको सदस्यताको विवरण :

<table>
<tr><th>महिला सदस्यहरुको संख्या</th><th>पुरुष सदस्यहरुको संख्या</th><th>जम्मा सदस्यहरुको संख्या</th><th></th></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><th rowspan="2">जम्मा सदस्यहरु मध्ये</th><th>युवा सदस्यहरुको संख्या</th><th>आदिवासी जनजाति सदस्यहरुको संख्या</th><th>दलित सदस्यहरुको संख्या</th></tr>
<tr><td></td><td></td><td></td></tr>
</table>

८. कुनै शीर्ष उत्पादक संस्थाको सदस्य भएमा उल्लेख गर्नुहोस् :

## ख. साझेदार संस्था/समुहको जानकारी (प्रस्तावमा साझेदार संस्था/समुह उल्लेख भए मात्र)

१. साझेदार संस्था/समूहको नाम :

२. साझेदार संस्था/समूहको ठेगाना :

३. साझेदार संस्था/समूहको सम्पर्क व्यक्तिको नाम र पद :

४. साझेदार संस्था/समूहको प्रकार : *कुनै एक उल्लेख गर्नुहोस् (वन तथा कृषि उत्पादक समूह, सामुदायिक वन उपभोक्ता समूह, कृषि वन समूह, कृषक समूह, उत्पादन संघ, गैह्र सरकारी संस्था, अन्य)*

५. साझेदार समूह भएमा समूहको सदस्यताको विवरण :

<table>
<tr><th>महिला सदस्यहरुको संख्या</th><th>पुरुष सदस्यहरुको संख्या</th><th>जम्मा सदस्यहरुको संख्या</th><th></th></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">जम्मा सदस्यहरु मध्ये</td><td>युवा सदस्यहरुको संख्या</td><td>आदिवासी<br>जनजाति सदस्यहरुको संख्या</td><td>दलित सदस्यहरुको संख्या</td></tr>
<tr><td></td><td></td><td></td></tr>
</table>

६. साझेदार समूह कुनै शीर्ष उत्पादक संस्थाको सदस्य भएमा उल्लेख गर्नुहोस् :

***(नोटः एक भन्दा बढी साझेदार संस्था वा समूहको संलग्नता हुने भए खण्ड-ख को क्रसं १ देखि ६ लाई आवश्यकता अनुसार थप गरी लेख्नुहोस् )***

## ग. प्रस्तावको संक्षिप्त विवरण

***प्रस्ताव प्रिति नेपाली फन्ट साइज १४, A4 साइजमा बढीमा ४ पृष्ठको हुनु पर्नेछ।***

१. कार्यक्रमको शीर्षक :

२. कार्यक्रम सञ्चालन हुने स्थान (जिल्ला, पालिका, वडा) :

३. प्रस्तावित कार्यको समग्र उद्देश्य :

४. प्रस्तावित कार्यको औचित्य :

५. प्रस्तावित कार्य अन्तर्गत गरिने मुख्य क्रियाकलापहरु र अपेक्षित परिणामहरु

<table>
<tr><th colspan="2">परिणाम १ : ..........................</th></tr>
<tr><td>गतिविधि १.१</td><td>..........................................................</td></tr>
<tr><td>गतिविधि १.२</td><td>..........................................................</td></tr>
<tr><td>............................</td><td>..........................................................</td></tr>
<tr><td colspan="2">परिणाम २ : ..........................</td></tr>
<tr><td>गतिविधि २.१</td><td>..........................................................</td></tr>
</table>

| | |
|---|---|
| गतिविधि २.२ | ........................................................ |
| ............................ | ........................................................ |
| **परिणाम ३ : ...........................** | |
| गतिविधि ३.१ | ........................................................ |
| गतिविधि ३.२ | ........................................................ |
| ............................ | ........................................................ |

५.१ वन तथा कृषि सहज कार्यक्रमको २, ३ र ४ प्रतिफल मध्ये कुन-कुन प्रतिफलहरुलाई यो प्रस्तावले सम्बोधन गरेको छ उल्लेख गर्नुहोस् ?

६. प्रस्तावित कार्यसंग सम्बन्धित प्रस्तावक(हरु)ले बिगतमा गरेका गतिविधि वा अनुभवहरु :

| क्रस | गतिविधि वा कार्यक्रमको नाम | हासिल गरेका मुख्य उपलब्धि वा नतिजाहरु | सहयोगी संस्था |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| | | | |

७. प्रस्तावित कार्यसंग सम्बन्धित पहिचान भएका सम्भाव्यता, चुनौती र जोखीमहरु के कस्ता छन् बिस्तृतमा उल्लेख गर्नुहोस् ?

क) सम्भाव्यता

ख) चुनौती

ग) जोखिम

८. प्रस्तावित कार्यको कार्यान्वयनबाट हुने लाभान्वित वर्गको विवरण :

| लाभान्वित हुने घरधुरी संख्या | जम्मा लाभान्वित संख्या | पुरुष | महिला |
|---|---|---|---|
| | | | |

**जम्मा लाभान्वित संख्या मध्ये,**

| लाभान्वित युवाहरुको संख्या | लाभान्वित आदिवासी जनजातिहरुको संख्या | लाभान्वित दलितहरुको संख्या | अन्य |
|---|---|---|---|
| | | | |

८.१ उप-समूहमा (उद्यम, वन पुनर्उत्थान आदि) महिला, दलित, युवा तथा आदिबासी समुदायको समाबेशीकरण, नेतृत्व र निर्णय प्रक्रियाको अवस्था बिस्तृतमा उल्लेख गर्नुहोस् ?

९. प्रस्तावित कार्यमा भएको नवीनतम अवधारणा र यसको दीगोपनाको सुनिश्चिततताबारे जानकारी :

१०. प्रस्तावित कार्यतालिका

| गतिविधिहरु | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| गतिविधि १.१ | | | | | | | | | | | | |
| गतिविधि १.२ | | | | | | | | | | | | |
| ............................ | | | | | | | | | | | | |
| गतिविधि २.१ | | | | | | | | | | | | |
| गतिविधि २.२ | | | | | | | | | | | | |
| ............................ | | | | | | | | | | | | |
| गतिविधि ३.१ | | | | | | | | | | | | |
| गतिविधि ३.२ | | | | | | | | | | | | |
| ............................ | | | | | | | | | | | | |

११. सह-वित्तको श्रोत, प्रकृति, विवरण, सुनिस्चितताको आधार सहीतको जानकारी :

१२. प्रस्तावित बजेट :

| बजेट शीर्षक | साना अनुदान (नेपाली रुपिंया) | सह-वित्त (नेपाली रुपिंया) | सह-वित्तको (श्रोत) | जम्मा बजेट (नेपाली रुपिंया) |
|---|---|---|---|---|
| गतिविधि १.१ | | | | |
| गतिविधि १.२ | | | | |
| ............................ | | | | |
| गतिविधि २.१ | | | | |
| गतिविधि २.२ | | | | |
| ............................ | | | | |

| | | | | |
|---|---|---|---|---|
| गतिविधि ३.१ | | | | |
| गतिविधि ३.२ | | | | |
| ............................ | | | | |
| **जम्मा बजेट** | | | | |

यस प्रस्ताव साथ संलग्न गर्नुपर्ने दस्तावेजहरु चेकलिष्ट :

१) संस्था वा समूह दर्ताको प्रमाणपत्र (अंग्रेजीमा अनुबाद गरि नोटरीद्वारा प्रमाणित गरिएको)

२) संस्था वा समूह गैर नाफामुलक वा मुनाफा बितरण नगर्ने पुष्टि गर्ने दर्ता, विधान वा अन्य कागजातको प्रमाणित दस्तावेज (अंग्रेजीमा अनुबाद गरि नोटरीद्वारा प्रमाणित गरिएको)

३) २०७७/७८को बार्षिक लेखापरिक्षणको प्रतिवेदन

४) बैंक चेकको प्रतिलिपी (आवरण सहितको भित्रि पन्नाको प्रतिलिपि)

५) स्थानीय तह, वडा वा पालिकाको सिफारिस पत्र वा प्रस्तावक वन तथा कृषिसङ्ग सम्बन्धित महासंघमा आबद्ध भएमा सम्बन्धित महासंघको सिफारिस पत्र